# प्रतिबद्धता

नेविप्रा, ठिमी वितरण केन्द्रले, २०७७।१०।१३ गते लामो समय बाँकी बक्यौत्ता रहेको सिरुटार स्थित रघु केसी नामका ग्राहकको घरमा लाईन काट्न जाँदा निजले प्राधिकरणका कर्मचारीहरुलाई तथानाम गालीगलौज गरी हातपात समेत गरेकाले सम्बन्धित कर्मचारीहरुको निवेदनको आधारमा कानून बमोजिम कारवाही गर्न स्थानीय प्रशासनमा उजुरी गरेपश्चात निज पिडक ग्राहकलाई जिल्ला प्रहरी कार्यालयमा थुनामा राखी अनुसन्धान भइरहेको र राष्ट्रसेवक कर्मचारीहरुलाई आफ्नो कार्यसम्पादनको सिलसिलामा जस्तो विषम परिस्थितिमा पनि संरक्षण गर्न प्राधिकरण व्यवस्थापन कटिबद्ध रहेको व्यहोरा जानकारीको लागि अनुरोध छ ।

प्रबक्ता, नेविप्रा